FACTSHEET
No. 07 May 2022

# कृषकको लागि तथ्य पत्र

नं. ०७ ज्येष्ठ २०७९

# धानको डढुवा रोग

## परिचय :

*बढी उत्पादन दिने जातहरुको प्रवेश सँगै नेपालको तराइ क्षेत्रबाट प्रवेश गरेको यो रोग हाल तराइ तथा मध्य पहाडी क्षेत्रका धेरैजसो स्थानहरुमा देखिने गर्दछ । यो एक ब्याक्टेरिया (Xanthomonas oryzae pv. Oryzae)* जनित रोग हो । यस रोगका कारणबाट २६ प्रतिशत सम्म उत्पादनमा कमी हुन सक्दछ । यो रोगको प्रकोप उच्च आद्रता भएको क्षेत्रहरुमा वढी हुने गर्दछ । तुलनात्मक रुपमा यो रोग नेपालको पुर्वी क्षेत्रमा ज्यादा पाईएको छ ।

## प्रमुख लक्षणहरू

» पातको किनारामा भिजेको जस्तो दाग देखिन्छ र दाग बढेर किनारा तरगीं (wavy) हुँदै पहेंलो वा हलुका खैरो रङ्गका देखिन्छन् (चित्र नं १) ।

» चित्र नं २ मा देखाएजस्तै पातहरु टुप्पोवाट सुकेर मर्दछन् ।

» कलिलो बोटमा आक्रमण गरेमा ओइलाउने र मर्ने हुन्छ जसलाई *kresek* (क्रेसेक) भनिन्छ (चित्र नं ३) ।

» रोग ग्रस्त बोटको डाँठलाइ काटी निचोर्दा हल्का पहेंलो पदार्थ (Bacterial ooze) निस्कीन्छ (चित्र नं ४) । रोगी पातलाई काटेर पानी भरेको सिसाको गीलास वा टेष्ट ट्यूवमा नचलाइ राखेमा काटीएको भागबाट शाकाणु पानीमा धुवाँ जस्तै गरि फै लिएको देख्न सकिन्छ ।

## रोगको श्रोत र फैलिने अवस्था

यो एक ब्याक्टेरिया जन्य रोग हो। यो रोग विशेष गरि उच्च आद्रता भएको क्षेत्रहरुमा ज्यादा देखिन्छ । तुलनात्मक रुपमा यो रोग नेपालको पुर्वी क्षेत्रमा ज्यादा पाईएको छ । आर्द्र मौसम, उच्च तापमान तथा हावाको बहावले यो रोगको फैलावटलाइ सहयोग पुर्याउने गर्दछ । २५ देखि ३४ डिग्री सेल्सीयस तापमान र ७० प्रतिशत भन्दा बढी भएको अवस्थामा यो रोगको प्रकोप बढी हुने गर्दछ । रोग लागेको पात सुरुमा हल्का पहैँलो देखिए पनि पछि सुकेर जान्छ । ब्याक्टेरिया कतफबतब वा चोट लागेको ठाउँ बाट छिर्नै हुन्छारोग ग्रस्त बीउ तथा खेतबारीमा रहेका वाली अवशेषहरुका साथै वैकल्पीक आश्रयदाता विरुवाहरुको माध्यमबाट यो रोगको शुरुआत हुने गर्दछ । रोग ग्रस्त खेतबाट स्वस्थखेतमा बगेको पानीको माध्यमबाट पनि यो रोग फैलिन सक्दछ ।

## व्यवस्थापनका उपायहरु

» रोग अवरोधक जातको प्रयोग गर्ने ।

» सिफारिस अनुसारको रासायनिक मल प्रयोग गर्ने । नाइट्रोजनयुक्त मलको अधिक प्रयोग हुँदा यो रोगको प्रकोप बढी हुने गर्दछ ।

» एग्रीमाइसिन-१०० विषादी ०.२५ ग्राम वा स्ट्रेप्टोमाइसिन सल्फेट ९% + टेट्रासाइक्लिन हाइड्रोक्लोराइड १% डब्लु पी ०.२५ ग्राम प्रति लिटरका दरले बनाएको झोलमा बीउलाई ३० मिनेट डुवाएर बीउ उपचार गर्ने ।

» रोग लागेको खेतमा केही दिन पानी सुकाउने, रोग लागेको खेतवाट स्वस्थ खेतमा पानी जान नदिने ।



चित्र नं १: धानको पातमा डढुवा रोगका धब्बाहरु
श्रोतः http://www.knowledgebank.irri.org



चित्र नं २: धानको पात टुप्पोवाट सुकेर मरेको
श्रोतः https://www.digitrac.in/



चित्र नं ३: धान खेतमा डढुवाको प्रकोप - क्रेसेक अवस्था
श्रोतः http://www.knowledgebank.irri.org



चित्र नं ३: धानको पातमा व्याक्टेरीयाको उज
श्रोतः http://www.knowledgebank.irri.org

तयारकर्ता:
विवेक सुनार
बाली संरक्षण अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

सम्पादन:
राजिवदास राजभण्डारी
वरिष्ठ बाली संरक्षण अधिकृत

फोन नं.: ०१-५५५३७९१, E-mail: centralaglab.sspp@gmail.com, Website: www.centralaglab.gov.np